
# ठुलीभेरी नगरपालिकाको शिक्षा नीति, २०८०

# Education Policy of Thulibheri Municipality, Dolpa



ठुलीभेरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
शिक्षा, युवा, तथा खेलकुद शाखा
जुफाल डोल्पा

# ठुलीभेरी नगरपालिकाको शिक्षा नीति, २०८०
# Education Policy of Thulibheri Municipality, Dolpa




## ठुलीभेरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
## शिक्षा, युवा, तथा खेलकुद शाखा
## जुफाल डोल्पा

ठुलीभेरी नगरपालिकाको नीति, २०८०
ठुलीभेरी नगरपालिका नगरसभाबाट प्रमाणित : २०८०।३।१०
प्रकाशन मिति : २०८०।३।१०

सल्लाहाकार
श्री स्वबर्ण कुमार बुढा, नगर प्रमुख ठुलीभेरी नगरपालिका डोल्पा
श्री छिरिङ टोल्मा महत नगर उपप्रमुख ठुलीभेरी नगरपालिका डोल्पा
श्री सुकदेव लम्साल, प्रमुख प्रशासकीय अधिकृत, ठुलीभेरी नगरपालिका डोल्पा
श्री डिल प्रसाद रोकाया, शाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा, ठुलीभेरी नगरपालिका डोल्पा

शिक्षा नीति निर्माण कार्यदलका सदस्यहरु
संयोजक :श्री धुब्र विक्रम शाहि, संयोजक, सामाजिक विकास समिति, डुलीभेरी नगरपालिका डोल्पा
सदस्य : श्री मनराम ठकुल्ला, वडा अध्यक्ष, ठुलीभेरी नगरपालिका वडा नं ८
सदस्य : श्री कमल क्षेत्री, वडा अध्यक्ष ठुलीभेरी नगरपालिका वडा नं २
सदस्य : श्री भुपेन्द्र कुमार मल्ल, प्रधानाध्यापक, श्री विद्यामन्दिर माध्यमिक विद्यालय
सदस्य : श्री कुमार शाही, प्रधानाध्यापक श्री विडीथान आधारभुत विद्यालय
सदस्य : श्री मनिषा खत्री, प्रमुख, महिला विकास शाखा
सदस्य : श्री शशीकला पाण्डे, कार्यक्रम संयोजक, स्याक नेपाल सुर्खेत
सदस्य : श्री योगेन्द्र बुढा, डोल्पा सवाङ्गीण विकास समाज, डोल्पा
सदस्य : श्री चक्रदिप शाही, एम आइ एस अपरेटर, ठुलीभेरी नगरपालिका डोल्पा
सदस्य सचिव : श्री कमल बुढा, नि. शिक्षा शाखा प्रमुख, ठुलीभेरी नगरपालिका डोल्पा

# दुई शब्द



शिक्षा हरेक व्यक्तिको आधारभूत आबबश्कता र अधिकारको  विषय हो । शिक्षा मानव सभ्यताको मेरुदण्ड भएको र यसले हरेक व्यक्तिको सर्वाङ्गीण पक्षको विकासमा टेवा पुर्याउछ । नेपालको संविधान, २०७२ ले नागरि कलाई आधारभुत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तह सम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई प्रदान गरेको शिक्षको अधिकार अन्तर्गत आधारभुत तथा माध्यामिक शिक्षा सम्बन्धि २३ वटा एकल अधिकार प्रदान गरेको सन्दर्भमा यस ठुलीभेरी  नगरपालिकाले  पनि संविधानले प्रदान गरेको अधिकारको प्रयोग गर्दै  पालिका भित्रको शिक्षा क्षेत्रलाई सुधार गर्नको लागि हर प्रयास थाल्ने जमर्को गरेको छ । नगरपालिकाको शिक्षा क्षेत्रको विकास गर्न आबश्यक पर्ने नीति, नियम, कानुन, कार्यविधि तथा योजनाहरु तयार गरी कार्यान्वयन गर्नु प्रमुख आबश्यकता भएकोले यस नगर पालिकाले पनि नीति, नियमहरु निर्माण गरी कार्यान्वयन गरिरहेको छ । यसै सन्दर्भमा ठुलीभेरी नगरपालिकाले नगरपालिकाको शिक्षा नीति, २०८० निर्माण गरी कार्यान्वयनमा ल्याएको छ र यसले नगरपालिकाको शैक्षिक सुधार र शैक्षिक गतिविधिलाई क्रियाशिल गर्न मद्धत पुर्‍याउनेछ ।

ठुलीभेरी नगरपालिकाले नेपालको संविधान, २०७२, शिक्षा सम्बन्धि विधमान कानुन, नीति तथा कार्यक्रमहरु, नगरपालिकाको शैक्षिक अबस्था, नगरपालिकाको शिक्षा क्षेत्रको प्राथमिकता,  तथा तथ्याङ्क र आबश्यकताका आधारमा आगामी दिनमा नगरपालिकाको शिक्षाको गुणस्तर सुधारको लागि शिक्षा नीति निर्माण गर ी कार्यान्वयन गर्ने जमर्को गरिएको छ  । यो नीति निर्माणका लागि अहम भूमिका निर्वाह गर्ने शिक्षा, युवा तथा खेलकुद शाखा, नगर शिक्षा नीति निर्माण कार्यदलका सम्पूर्ण सदस्यहरु, नगर शिक्षा समिति, प्राविधक सहयोग प्रदान गर्ने स्याक नेपाल  लगायत सम्पूर्णमा ठुलीभेरी नगरपालिकाको  तर्फवाट विशेष धन्यवाद प्रकट गर्दछु ।

नगरपालिकाको शैक्षिक विकासका लागि पथ प्रदर्शकको रुपमा तयार पारिएको यो शिक्षा नीति कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको भूमिका अहम हुनेछ र सम्पूर्णको साथ सहयोग प्राप्त हुनेछ भन्ने बिश्वास सहित शिक्षा नीतिको सफल र प्रभावकारी कार्यान्वयनको शुभकामना व्यक्त गर्न चाहन्छु  । धन्यवाद ।

स्वबर्ण कुमार बुढा
नगर प्रमुख

## बिषय सुची


१. पृष्ठभूमि.................................................6

२. विगतका प्रयासहरु.................................................7

३. वर्तमान अवस्था.................................................8

४. समस्या तथा चुनौति.................................................9

*(क) समस्याहरु*.................................................9

*ख: चुनौतिहरु*.................................................10

५. शिक्षा नीतिको आवश्यकता.................................................11

६. दूरदृष्टि.................................................12

७. लक्ष्य.................................................12

८. उद्देश्य.................................................12

९. रणनीति.................................................14

१०. नीति तथा कार्यनीतिहरू.................................................16

(क) प्रारम्भिक बालविकास तथा शिक्षा नीति.................................................16

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा नीति.................................................18

(ग) माध्यमिक शिक्षा नीति.................................................19

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति.................................................20

(ङ) समावेशी र विशेष शिक्षा नीति.................................................21

(च) सार्वजनिक - निजी साझेदारी र सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण.................................................22

(छ) शिक्षामा गुणस्तर.................................................23

(ज) शिक्षामा लगानी.................................................23

(झ) शिक्षामा सूचना प्रविधिः.................................................24

(ञ) आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा.................................................24

(ट) विद्यालयमा खानेपानी सरसफाइ तथा स्वच्छता.................................................26

(ठ) समुदाय परिचालन.................................................26

(ड) विद्यालय खेलकुद.................................................27

(ढ) सुशासन र व्यबस्थापन.................................................27

(ण) उच्च शिक्षा.................................................28

११. नीति कार्यान्वयनको जिम्मेवारी ........ 28

१२. संस्थागत व्यवस्था ........ 30

१३. आर्थिक पक्ष ........ 30

१४. कानुनी व्यबस्था ........ 30

१५. अनुगमन तथा मूल्याङ्कन ........ 30

१६. जोखिम तथा जोखिम न्यूनीकरण ........ 31

*अ) जोखिमहरू* ........ 31

*आ) जोखिम न्यूनीकरणका उपाय* ........ 31

## *१. पृष्ठभूमि*

देशको समग्र विकासका निम्ति शिक्षालाई पूर्वाधारको पनि पूर्वाधारको रुपमा मानिन्छ । व्यक्तिको सर्वाङ्गीण विकास गरी असल , योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्न तथा समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, पूर्वाधार लगायतको क्षेत्रमा योगदान दिने सक्षम जनशक्ति निर्माण गर्न शिक्षा सबैभन्दा महत्वपूर्ण क्षेत्र हो । मानव जीवन र विकासको अभिन्न अङ्ग भएको साथै विकासको आधार भएकाले विश्वले नै शिक्षालाई प्रमुख एजेन्डाको रुपमा लिएको छ । विश्वको विकासको प्रमुख आधार शिक्षा नै भएको र शिक्षा क्षेत्रलाई थप प्रभावकारी र गुणस्तरीय साथै समय सापेक्ष बनाउदै लैजानु पर्दछ भन्ने आबश्यकता सबैले महसुस गर्दै कार्यान्वयन पनि गरिरहेका छन् ।

नेपालको संविधान २०७२ ले पनि तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरी प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसका साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यबस्था गरेको छ ।

राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यमान्यताको प्रवर्द्धन गरी राष्ट्र निर्माणमा आबश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहन्छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

संघीय, प्रदेश र स्थानीय गरी सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उदेश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तहले संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी निर्वाह गर्नुपर्ने देखिन्छ । राज्यले तय गरेका शिक्षाका लक्ष्य, उद्देश्य प्राप्त गर्नका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा आएका छन् । नेपालको संविधान, २०७२, को अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर शिक्षाका राष्ट्रिय ध्यय, लक्ष्य, उदेश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आबश्यकता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आबश्यक रहेको छ । नेपालको दीर्घकालिन ध्यय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीको अभिप्राय, दीगो विकास लक्ष्य अनुसार सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देशको रुपमा पुर्‍याउन सबैका लागि समावेशी तथा समतामुलक तवरले जीवन प्रयन्त सिकाइका अबसरहरु सिर्जना गरी गुणस्तरीय शिक्षा कायम गर्नु लगायतका दीर्घकालिन लक्ष्य हाँसिल गर्न पनि सबै तहले आफ्नो भूमिका प्रभावकारी रुपमा निभाउन आबश्यक देखिन्छ ।

स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको अधिकार र जिम्मेबारी समेतलाई ध्यानमा राखेर शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानुकूल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लागायतलाई एकीकृत गरी पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिन पालिकाको भूमिका अहम हुनेछ ।

ठुलीभेरी नगरपालिकाले समग्र रुपमा नगरपालिकाको शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै नगरपालिकाको समग्र विकासमा टेवा पुर्‍याउने उदेश्य अनुरुप शिक्षा क्षेत्रको विकासको गतिमा तिब्रता दिन राष्ट्रिय शिक्षा नीति, २०७६ का आधारमा यस नगरपालिकाले पनि शिक्षा नीति २०८० तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## २. *विगतका प्रयासहरु*

स्थानीय तहको अवधारणा लागु भएर स्थानीय तह कार्यान्वयनमा आए पश्चात यस नगरपालिकाले पनि संविधानले प्रदान गरेका अधिकार र कार्यक्षेत्र बमोजिम कार्य गरिरहेको छ । नगरपालिकाले नगर प्रमुखखको नेतृतवमा नगर शिक्षा समिति गठन गरी शिक्षा क्षेत्रको समग्र नीति तथा कार्यक्रमहरु तय गर्ने र शिक्षा क्षेत्रलाई अग्र स्थानमा राखेर कार्य गर्ने प्रयास गरेको छ । नगरपालिका भित्र रहेको शिक्षा,

युवा तथा खेलकुद शाखाको क्षमता विकास र परिचालनका लागि पनि प्रयास भएको छ । नगरपालिकाले शिक्षा ऐन, निर्माण गरी कार्यान्वयनमा ल्याएको छ भने शिक्षा ऐनको परिमार्जन र सुधार गर्ने नीति अबलम्बन गरेको छ। नगरपालिकाले ५ बर्षे नगर शिक्षा योजना निर्माणको कार्य पनि थालनी गरेको छ । पालिकाले स्थानी ज्ञान, सीप, प्रविधि तथा व्यवहारलाई दीगो रुपमा कायम राख्न आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माणको अवधारण लिएको र कक्षा १-३ मा यसै बर्ष निर्माण सम्पन्न गरेको छ भने कक्षा ४-८ मा आगामी आर्थिक बर्षमा निर्माण गरी कार्यान्वयन गर्नेछ । आधारभूत तहको दरबन्दी मिलानको कार्य करिब मिलेको छ भने माध्यमिक तहमा दरबन्दी मिलानको कार्यमा थप प्रयास गरिरहेको छ । नगरपालिका भित्र रहेको समुदायको प्रयासमा सञ्चालनमा रहेको माध्यमिक बिद्यालयमा शिक्षक व्यबस्थापनमा सहयोग पुर्‍याएको छ । माध्यमिक तह सम्पूर्णमा सूचना प्रविधि व्यबस्थापन तथा पुस्तकालयका कार्य सम्पन्न भएका छन् भने आधारभूत तहमा पनि क्रमिक रुपमा सुधारका कार्य भइरहेका छन् । शिक्षक क्षमता विकास, कक्षा कोठा व्यबस्थापन, समुदाय परिचालन, शिक्षक पेसागत सहयोग जस्ता क्षेत्रमा भने थप कार्य गर्न आवश्यक देखिन्छ ।

***३. वर्तमान अबस्था***

ठुलीभेरी नगरपालिकामा समग्र शिक्षाको अबस्था हेर्दा हाल २४ वटा सामुदायिक विद्यालय, २ वटा संस्थागत विद्यालय र १ वटा धार्मिक बिद्यालय रहेका छन् । नगरपालिका भित्र १ वटा अपाङ्ग स्रोत केन्द्र पनि सञ्चालन मा रहेको र उक्त केन्द्र ध्रुवतारा आधारभूत विद्यालय मार्फत सञ्चालनमा रहेको छ । नगरपालिकाको बिद्यालयको समभ्र भौतिक अबस्था हेर्दा सुधार उन्मूख भएतापनि बिद्यालयको भवन, घेराबार, खानेपानी तथा सरसफाइ जस्ता क्षेत्रमा उल्लेख्य रुपमा योजनावद्ध तवरमा कार्य गर्नुपर्ने देखिन्छ । बिद्यालयको आन्तरिक व्यबस्थापनहरु जस्तै कक्षाकोठा व्यबस्थापन, पुस्तकालय, शैक्षक सामग्रीको व्यबस्थापन, शैक्षिक वातावरण सुधार जस्ता क्षेत्रमा प्रभावकारी रुपमा कार्य गर्नुपर्ने आबश्यकता देखिन्छ ।

शिक्षकको क्षमता विकासका रुपमा सूचना प्रविधि, लेखा व्यबस्थापन, पाठ्यक्रम अभिमुखीकरण लगायतका केही क्षेत्रमा नगरपालिकाले कार्य गरेको भएतापनि उल्लेख्य रुपमा प्र.अ. क्षमता विकास, शिक्षकको विषयगत क्षमता विकास, प्रभावकारी सुपरिवेक्षण तथा सहायता, पेसागत सहयोग, एकीकृत शैक्षिक सूचना व्यबस्थापन जस्ता विषयमा प्रभावकारी रुपमा कार्य गर्न आबश्यक छ ।

गत शैक्षिक सत्रको तथ्याङ्क हेर्दा यो नगरपालिकामा जम्मा ३५९१ जना बिद्यार्थीहरु अध्ययनरत छन् र समग्र रुपमा सिकाइ उपलब्धि ६० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । शिक्षक बिद्यार्थी अनुपात समग्र रुपमा आधारमूत तहमा औषत रहेको छ भने माध्यमिक तहमा भने बिद्यार्थीको तुलनामा शिक्षक संख्या कम देखिन्छ । पालिकाले आधारभूत तथा माध्यमिक तहमा दरबन्दी मिलानका कार्य गरेको छ र थप दरबन्दी मिलानका कार्य गर्न आबश्यक देखिन्छ । पालिकामा हाल प्राविधिक धारको रुपमा इन्जिनियरिङ र बालीबिज्ञान बिषयका डिप्लोमा र बालि बिज्ञाको टि. एस. ई. ई. लेभलको बिषयहरु अध्यापन भरहेका छन् । समग्र रुपमा नगरपालिका भित्रको शैक्षिक अबस्था हेर्दा सुधारात्मक रुपमा कार्यहरु भैरहेका देखिन्छ् ।

नगरपालिकाले शिक्षाको विकासका लागि यसै शैक्षिक सत्रमा कक्षा १-३ को स्थानीय पाठ्यक्रम, वाल संरक्षण नीति, २०८० र विपत व्यबस्थापनका लागि आकस्मिक शिक्षा योजना, २०८० निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

### *४. समस्या तथा चुनौति*

#### *(क) समस्याहरु*

यस नगरपालिकाको शिक्षाको समग्र अबस्था मुल्याङ्कन गर्दा पालिकाको शिक्षा क्षेत्रको विकासमा देखिएका प्रमुख समस्याहरुमा मुख्य गरी पालिकाले शिक्षा क्षेत्रलाई नीतिगत रुपमा पहिलो प्राथमिकतामा राखेको भएतापनि कार्यक्रमहरु तथा श्रोत व्यबस्थापनमा प्रभावकारी रुपमा कार्य गर्न सकेको छैन । पालिका शिक्षा समिति, शिक्षा शाखा लगायतको क्षमता विकास तथा परिचालनमा उल्लेख्य रुपमा कार्य गर्नुपर्ने आबश्यकता छ । भौगोलिक हिसाबमा ठुलो भुगोलमा बिद्यालयहरु छरिएर रहेका छन् र सम्पूर्ण बिद्यालयका शिक्षकलाई पेसागत सहयोग पुर्‍याउन हाल शिक्षा शाखामा पर्याप्त जनशक्ति अभाव रहेको छ । शिक्षा शाखामा १ जना शिक्षा अधिकृत मात्र हुनु पनि प्रमुख चुनौती रहेको छ । यसै गरी विद्यालयहरुमा मापदण्ड बमोजिमको न्यूनतम र सुरक्षित भौतिक संरचनाहरुको बिकास समान तवरले हुन नसक्नु र यसको प्रभावकारी व्यबस्थापन गर्न नसक्नु पनि समस्याको रुपमा देखिन्छ । पालिकाको शिक्षा ऐन नियमहरुको, योजनाहरु, कार्यविधिहरुको निर्माण तथा कार्यान्वयन प्रभावकारी रुपमा हुन नसक्नु तथा शिक्षकहरुको क्षमता विकासका लागि प्रर्याप्त तालिम, आवश्यक सिकाइ आदान प्रदान तथा

पेशागत सहयोग, शिक्षक र विद्यार्थीका लागि न्यूनतम रुपमा आबश्यक सिकाइ सहजीकरण तथा शिक्षण सामग्रीहरुको अभाव, समुदाय परिचालन प्रभावकारी नहुनु पनि समस्याका रुपमा रहेका छन् । यसै गरी विद्यालयमा सुशासनका लागि आबश्यक आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाई तथा लेखा परीक्षण, बिद्यार्थी अभिभाबक भेला जस्ता कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु पनि समस्याको रुपमा देखिन्छ । यसका अलवा विद्यालयले निर्माण गर्ने विधालय सुधार योजना सहभागितामूलक नहुनु र सोही अनुसार कार्यानवयन गर्न नसक्नु, विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि स्थानीय तहले नीति नियमावली र मापदण्ड बमोजिम गर्न नसक्नु र प्र.अ.को क्षमता विकास र प्रशासनिक दक्षतामा कार्य गर्न नसक्नु, सूचना प्रविधिको प्रभावकारी उपयोग गर्नपर्ने अबस्थामा पनि समय सुहाउँदो  सूचना प्रविधिको व्यबस्थापन र प्रयोग गर्ने गराउने वातावरणको सिर्जना गर्न नसक्नु, विद्यालयमा अतिरिक्त क्रियाकलापहरु जस्तै खेलकुद मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलापका लागि न्यूनतम सामग्रीहरु उपलब्ध नहुनु र विद्यालयले पनि यस्ता क्रियाकलापहरु प्रभावकारी रुपमा लागु गर्न नसक्नु, विद्यालयमा सुरक्षित घेरावार, शुद्ध पिउने पानी, सफा र वालमैत्री शौचालय, सरसफाइ तथा वातावरणीय अबस्थाहरुमा उल्लेख्य सुधार ल्याउन नसक्नु, व्याबहारिक र सीपमुलक तथा जिवनपर्यन्त शिक्षण सिकाइका अभ्यासहरुमा तीब्रता दिन नसक्नु पनि शिक्षामा समस्याका रुपमा देखिएका छन् । समग्रमा पालिकाको शिक्षा क्षेत्रमा विविध समस्या रहेका छन् । शिक्षा क्षेत्रमा कार्य गर्ने सरोकारवालाहरुलाई कार्य प्रगतिका आधारमा प्रोत्साहन तथा दण्डको व्यबस्था गर्न नसक्नु पनि समस्याको रुपमा देखिन्छ ।

***ख. चुनौतिहरु***

विद्यालयमा भौतिक पूर्वाधारमा भवन लगायतका पूर्वाधारहरु भएतापनि कक्षाकोठा भित्र आबश्यक पर्ने शैक्षणिक सामग्रीहरु समयानुसार विद्यालयमा उपलब्ध गराउन नसक्नु साथै सबै विद्यालयमा विद्यार्थी मैत्री फर्निचर र न्यूनतम आबश्यकताहरु पूरा गर्न नसक्नु पनि चुनौतिको रुपमा रहेको छ । बिधालयमा शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षकको दरबन्दी मिलान, शिक्षक पेशागत सहयोग निरन्तर गर्न कक्षाकोठा भित्रै सहयोग गर्न नसक्नु, सुपरिबेक्षणका क्रियाकलापहरु न्यून हुनु तथा शिक्षक तालिम र शिक्षकलाई सिकाइ सहजीकरण सामग्री प्रयाप्त मात्रामा उपलब्ध गराउन नसक्नु पनि चुनौतिको रुपमा देखिएका छन् ।

सामुदायिक बिद्यालयमा बिद्यार्थी टिकाउन, विविधतायुक्त समुदाय परिचालन गर्न र समुदाय र परिवार तथा अभिभावकहरुलाई सहकार्य अभिबृद्धि गर्न पनि चुनौतिको रुपमा देखिएको छ । समुदायमा अभिभावकको अंग्रेजी प्रतिको अभिरुचि र विद्यालयमा अंग्रेजी भाषामा अध्यापन गर्ने शिक्षकको कमिका कारण पनि बिद्यालय र समुदायको रुचि पूरा गर्नुपर्ने चुनौति थपिएको छ ।

विद्यालयको शैक्षिक व्यवस्थापकको रुपमा प्रधानाध्यापकको नियुक्ति नियम अनुसार गर्नु, विद्यालय व्यवस्थापन समिति गठनमा अभिभावकको प्रभावकारी सहभागिता गराएर तोकिएको समयमा सम्पन्न गराउनु, सामुदायिक विद्यालयको सिकाइ उपलब्धि स्तरमा सुधार ल्याउनु, विद्यार्थी संख्या बढी भएका विद्यालयमा शिक्षक व्यवस्था गर्न बजेट व्यबस्थाप गर्नु, विषयगत शिक्षकको व्यबस्थापन गर्नु, विद्यार्थी कम भएका विद्यालयहरुको मर्ज तथा समायोजन गर्नु, शिक्षक र विव्यस पोत्साहनका कार्यक्रममलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पनि चुनौति रहेको छ । पुरानो विद्यालय व्यबस्थापन समिति, शिक्षक अभिभावक संघको संरचना र उनीहरुलाई तीब्र क्षमता विकास गरी परिचालन गर्ने तथा बालबालिकालाई पूर्णरुपमा व्यावहारिक र जीवनोपयोगी शिक्षामा तीब्र रुपमा परिवर्तन ल्याउन पनि चुनौतिको रुपमा देखिन्छ । मुख्य गरी स्थानीय आवश्यकता र पालिकाको अन्य विकास निर्माणका कार्यहरु र दैनिक जीवनसंग सम्बन्धित क्षेत्रमा बजेट विनियोजन गर्दा शिक्षा क्षेत्रमा हाल सम्म न्यून बजेट तथा पालिकामा आबश्यकता अनुसारको जनशक्ति नहुनु पनि चुनौती रहेको छ र यद्यपि यी चुनौतिहरुको सामना गर्दै अघि बढ्न शिक्षा योजनाको निमार्ण र प्रभावकारी कार्यान्वयन आजको आबश्यकता रहेको छ ।

### *५. शिक्षा नीतिको आवश्यकता*

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुन:संरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेण्डा, दीगो विकास लक्ष्य प्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार हुन् । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको

सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो  शिक्षा नीति आवश्यक परेको हो ।
स्थानीय तहले संघीय संरचना पश्चात विभिन्न नीति नियमहरु क्रमिक रुपमा निर्माण गर्दै कार्यान्वयन गरिरहेको अबस्थामा यो ठुलीभेरी नगरपालिकाले पनि शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर शिक्षाको विकासलाई गति दिन यो शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न आबश्यक ठानेको छ ।

*६. दूरदृष्टि*

समतामूलक पँहुच सहितको व्यावहारिक शिक्षा : शिक्षा क्षेत्रको समृद्धि ठुलीभेरी नगरपालिकाको अपेक्षा”

*७. लक्ष्य*

शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई पालिकाको आवश्यकता अनुरुपको जनशक्ति  निर्माण गर्ने ।

*८. उद्देश्य*

८.१. प्रारम्भिक वालविकासलाई शिक्षाको आधारका रुपमा विकास गर्न सबै वालबालिकाहरुलाई न्यूनतम मापदण्ड बमोजिमको प्रारम्भिक वालविकास शिक्षाको अबसर सुनिश्चित गर्नु ।

८.२. आधारभूत तहको शिक्षा अनिवार्य गर्न र सबै विद्यालय जाने उमेर समुहका वालवालिकाहरुलाई आधारभूत तहको शिक्षामा अनिवार्य सहभागिता र समतामूलक पँहुच अभिबृद्धि गरी माध्यमिक तहका लागि आधार तय गर्नु ।

८.३. शिक्षा क्षेत्रमा प्रभावकारिता ल्याउन तथा बालबालिकाको सर्वाङ्गीण विकासका लागि परिवार तथा समुदायको संलग्नताको वृद्धि गर्नु ।

८.४. माध्यमिक तहको शिक्षालाई व्याबहारिक, गुणस्तरीय, जीवन पर्यन्त तथा जीवन उपयोगी शिक्षाको रुपमा विकास गर्नु र माध्यमिक तहसम्म कक्षा छोड्ने दरलाई न्यूनीकरण गर्नु ।

८.५. स्थानीय परिबेश, संस्कृति, परम्परा अनुरुप कक्षा ८ सम्मको स्थानीय पाठ्क्रम निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नु ।

८.६. सबै विद्यालयमा सबै किसिमको विभेद, दुर्व्यवहार बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा सिकाइमैत्री वातावरण सुनिश्चित गर्नु ।

८.७. औपचारिक शिक्षावाट वञ्चित भएका वालवालिका, युवा, प्रौढहरुलाई अनौपचारीक तथा वैकल्पिक शिक्षा तथा दुर शिक्षाको माध्यमबाट शिक्षाको मूलधारमा ल्याई  पहुँच र शिक्षाको सबै किसिमको अवसरको सुनिश्चित गर्नु ।

८.८. विद्यालयमा नेतृत्व विकास, व्यवस्थापन, सुशासन तथा जवाफदेहिता कायम गरी विद्यालयमा सरोकारवालाहरुको प्रभावकारी सहभातिा बढाउनु ।

८.९. विद्यालयहरुको जोखिम पहिचान गरी दीर्घकालीन विपद् व्यवस्थापन योजना विद्यालयस्तरमा कार्यान्वयन गर्ने  ।

८.१०. विपत्, आपतकालीन तथा संकटपूर्ण अवस्थामा बालबालिकाहरुको शिक्षाको अधिकार सुनिश्चित गरी निरन्तर शिक्षाको पहुँच सुनिश्चित गर्नु ।

८.११. विभिन्न तहमा अध्यापन गर्ने शिक्षकहरुको शैक्षिक योग्यता कायम राखी शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउनका लागि र शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम, कार्यशाला, क्षमता विकास र शैक्षिक भ्रमण कार्यक्रमहरु प्रदान गर्नु ।

८.१२. विद्यालयका शैक्षिक गतिविधिहरुलाई प्रभावकारी बनाउनका लागि विद्यालयमा हुने सुपरिबेक्षणका क्रियाकलापहरुमा अभिबृद्धि ल्याउनु, साथै उक्त कार्य गर्ने दक्ष जनशक्ति तयार पार्नु ।

८.१३. विशेष शिक्षाको आवश्यकता भएका वालवालिकाको पहिचान गरी उनिहरुको आवश्यकता अनुसार शिक्षाको पहुँच सुनिश्चित गर्नु ।

८.१४. विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरी वालवालिकाको बाह्य ज्ञान सीप तथा व्यबहारकुशल सीपहरुमा सक्षम बनाउनु साथै विद्यालय खेलकुदलाई प्राथमिकतामा राखेर कार्य गर्नु ।

८.१५. माध्यमिक तह पूरा गर्ने विद्यार्थीहरुलाई प्राविधिक तथा उद्यमको क्षेत्रमा संलग्न गराउनु ।

८.१६. समय र परिवेश अनुसार परिवर्तित पाठ्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने, साथै नयाँ पाठ्यक्रमको अभिमुखीकरण तथा चालु पाठ्यक्रमहरुको पुनःताजकी हुने गरी अभिमुखीकरण गर्ने ।

८.१७. शिक्षक, समुदाय तथा सबै वालवालिकाहरुको लागि मैत्रीपूर्ण र आकर्षक शैक्षिक वातावरण निर्माण गर्ने ।

८.१८. विधालयको खानेपानी तथा सरसफाइको अबस्थामा तथा वातावरणीय सरसफाइमा प्रभावकारी रुपमा कार्य गर्न ।

८.१९. सवै विद्यालयहरुमा न्यूनतमा आबश्यकता पूरा हुनेगरी भौतिक पूर्वाधारमा सुधार गरी समान स्तरको गुणस्तरीय शिक्षा प्रदान गर्न प्रतिस्पर्धात्मक विद्यालयको निर्माण गर्ने ।

८.२०. निरन्तर सिकाइलाई जीवनोपयोगी सीप विकासमा रुपान्तर गरी आर्थिक तथा सामाजिक विकासमा सहयोग गर्न अनौपचारिक शिक्षालाई सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालन गर्ने ।

८.२१. विद्यालयहरु शैक्षिक सूचना प्रणालीलाई भरपर्दो र समयमा नै सम्पन्न गर्न संयन्त्र निर्माण गर्ने ।

८.२२. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु ।

८.२३. शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेशागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहिता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु ।

८.२४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु ।

### ९. *रणनीति*

९.१. उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि शत प्रतिशत वालवालिकालाई एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने ।

९.२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैवालवालिकाहरुलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने ।

९.३. परिवार तथा समुदायको संलग्नतामा अभिबृद्धि गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने तथा समुदायको अपनत्व अभिबृद्ध गर्ने ।

९.४. सान्दर्भिक एवं गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, बैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने ।

९.५. कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने र यसका लागि स्थानीय विज्ञ र सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।

९.६. वालमैत्री, अपाङ्गमैत्री तथा समावेशी शैक्षिक नीति कार्यान्वयन हुने ।

९.७. सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरी बिद्यालय शिक्षाबाट बञ्चित भएकाहरुलाई शैक्षिक मूलधारमा ल्याईने ।

९.८. विद्यालय विपत् व्यबस्थापन योजना कार्यान्वयनमा ल्याउने ।

९.९. स्वायत्तता, विकेन्द्रीकरण, साझेदारी, लचिलोपना र सरल नियमन व्यवस्था गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने ।

९.१०. परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवं वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहूँच अभिबृद्धि गर्ने ।

९.११. भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउने र कार्यान्वयन गर्ने ।

९.१२. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने ।

९.१३. बिद्यालयमा अतिरिक्त शैक्षिक क्रियाकलापहरु गरी वालवालिकाको व्यावहारिक सीप विकास गर्ने ।

९.१४. आबश्यकतामा आधारित मैत्रीपूर्ण रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा व्यावहारिक सीप सहितको प्रभावकारी कार्य गर्ने ।

९.१५. प्राथामिक्ताकताका आधारमा भौतिक पूर्वाधारको अबस्था बिश्लेषण गरी आबश्यकताका आधारमा पूर्वाधारको विकास गर्ने ।

९.१६. विभिन्न निकायसंग (सरकारी तथा गैर सरकारी संस्था तथा निजी संस्था, व्यक्ति) सहकार्य र साझेदारी गर्ने ।

९.१७.बिद्यालयमा सुशासन कायम गर्न पारदर्शिता, जवाफदेहिता लगायतका क्षेत्रमा कार्य गर्न बिदालयलाई जिम्मेबार बनाउने ।

९.१८. शैक्षिक सूचना व्यबस्थापन प्रणालीलाई प्रभावकारी र व्यबस्थित गर्न हरेक बिद्यालयमा कम्प्यूटर, इन्टरनेटको व्यबस्था तथा क्षमता विकास गर्ने ।

९.१९. नीति, ऐन, कार्यविधि, नियमावलीहरुको नियमित परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्ने ।

९.२०. अनुगमन संयन्त्रको विकास र परिचालन प्रभावकारी रुपमा गर्ने ।

९.२१. सबै तहमा स्टीम एजुकेशनलाई अबलम्बन गर्ने तथा नगरपालिका भित्र रहेको उच्च शिक्षा अध्यापन गर्ने क्याम्पसमा अध्ययनरत पालिका भित्रका बिद्यार्थीलाई शैक्षिक क्षेत्रमा स्वयमसेवकको रुपमा प्रयोग गर्ने ।

### *१०. नीति तथा कार्यनीतिहरू*

शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिहरूको परिधिभित्र रही देहाय बमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ । स्थानीय तहले स्थानीय आवश्यकता अनुसार यो नीति बनाएको र सोही बमोजिम कार्यान्वय गर्नेछ ।

#### *(क) प्रारम्भिक बालविकास तथा शिक्षा नीति*

१०.१.१ हाल सञ्चालनमा रहेका वालविकास केन्द्रको तथा आगामी दिनमा आबश्यकताका आधारमा स्थापना हुने वालविकास केन्द्रको न्यूनतम मापदण्ड पालना गर्ने गरी सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको सञ्चालन गर्ने ।

१०.१.२. सबै बालबालिकाको पहुँचका लागि संघीय सरकारले निर्धारण गरेको मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास कक्षा सञ्चालन गर्ने व्यबस्था मिलाइने छ ।

१०.१.३. सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ४ वर्षसम्मका सबै बालबालिकालाई उमेरअनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्न बालबिकास केन्द्रको व्यवस्था, तालिम प्राप्त सहयोगी कार्यकर्ताको व्यवस्था, पोषणयुक्त खाजाको निरन्तरता, व्यक्तिगत स्वास्थ्य तथा सरसफाई, पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिमार्जन तथा अनुकूलन, शैक्षिक सामग्रीको व्यवस्थापन, छापामय कक्षाकोठा र आवश्यक खेल सामग्रीको व्यवस्था मिलाइनेछ ।

१०.१.४. विद्यालय र समुदाय बिच सम्बन्ध निकटतम बनाउन समुदाय सचेतना कार्यक्रम संचालन गर्ने र  यस अन्तर्गत अभिभावक शिक्षा, दौतरी शिक्षा, टोल पढाइ समूह गठन, अभिभावक निर्मित स्थानीय शैक्षिक सामग्रीको निर्माण र अभिभावक प्रोत्साहन कार्यक्रम संचालन गर्ने व्यबस्था मिलाइनेछ ।

१०.१.५. विशेष आवश्यकता भएका बालबालिकाहरुको पहिचान गरी सहयोग सामग्रीहरु वितरण गर्ने र प्रारम्भिक बालबिकास केन्द्रको अनुभव लिएर आएकाहरुलाई मात्र कक्षा १ मा भर्ना गर्ने व्यबस्था मिलाइने छ ।

१०.१.६. आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने र सहजकर्ताको क्षमता अभिबृद्धि तथा उत्प्रेरण जगाउने कार्य गर्ने साथै प्रारम्भिक बालबिकास पाठ्यक्रमको प्रबोधीकरण तथा कक्षाकोठाको सिकाइमा प्रयोग गर्ने व्यबस्था मिलाइने छ ।

१०.१.७. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्थासँग समन्वय र सहकार्य प्रभावकारी बनाईनेछ ।

१०.१.८. प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार, बाल स्याहार तथा सिकाइ सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१.९. स्थानीय तह र समुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको बालउद्यान निर्माण हुने व्यबस्था गरिनेछ ।

१०.१.१०. प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका लागि विद्यार्थी संख्याका आधारमा आवश्यक शिक्षकको आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ र प्रारम्भिक बालविकास कक्षामा सहजीकरण गर्ने शिक्षकको न्यूनतम् योग्यता माध्यमिक शिक्षा परीक्षा (कक्षा दश) वा सो सरह हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।

१०.१.११. प्रारम्भिक बालविकास कक्षामा अध्यापन तथा सहजीकरण गरिरहेका तर तोकिएको योग्यता नपुगेका शिक्षकहरूको योग्यता बढाउन नियमित तथा विशेष प्रशिक्षण कार्यक्रममा सहभागी हुन पाउने व्यवस्था मिलाइनेछ ।

१०.१.१२. प्रारम्भिक बालविकास शिक्षकलाई प्रचलित कानुनमा व्यवस्था भएबमोजिम न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ । त्यस्ता शिक्षकको कार्यसम्पादनको आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

१०.१.१३. प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सरसफाइ, हेरचाह, खाजा तथा अन्य कार्यमा सहयोग पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

१०.१.१४. प्रारम्भिक बालविकास सम्बन्धमा नगर शिक्षा समिति मातहत रहने गरी प्रारम्भिक बालविकास उपसमिति गठन गरी परिचालन गरिनेछ ।

१०.१.१५. बालविकास कक्षा तथा बालविकास केन्द्रहरूको अनुगमन तथा निरीक्षणका लागि अनुगमन संयन्त्र विकास गर्नुका साथै सुपरिवेक्षकको क्षमता विकास गरिनेछ ।

*(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा नीति*

१०.२.१. सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहूँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.२.२. आधारभूत तहको शिक्षालाई गुणस्तरीय बनाउन आवश्यक नीति नियमहरु स्थानीय तहले निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१०.२.३. विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरेर अवस्था अनुसारको पहुँच सहितको खुला तथा नियमित विद्यालयहरुमा भर्ना गराउने व्यवस्था गरिनेछ ।

१०.२.४. सिकाइ उपलब्धिमा गुणस्तर सुधारका लागि विद्यालयका शिक्षक र प्र.अ.हरुलाई जवाफदेहि र उत्तरदायी बनाइनेछ यसका लागि बिद्यालयसंग कार्य सम्पादन मुल्याकंनको व्यबस्था मिलाइनेछ ।

१०.२.५. कक्षा ८ उत्तीर्ण परीक्षालाई बिधुतीय अभिलेख प्रणालीमा अभिलेख गरी समग्र परीक्षालाई गाउँपालिकाको अनुगमनमा सञ्चालन व्यवस्थापन अनुगमन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

१०.२.६. पाठ्यक्रमले तोकेका न्यूनतम सक्षमताहरु हासिल गराउन प्रदेश तथा संघसंग आवश्यक समन्वय गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।

१०.२.७. शिक्षण सिकाइका लागि आबश्यक पर्ने न्यूनतम सामिग्रीहरु, पूर्वाधार, जनशक्तिको व्यबस्था मिलाइनेछ ।

१०.२.८. विद्यालय व्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघको सहभागिता बृद्धि गर्न पहल गरिनेछ साथै समुदायको सहभागिता अभिबृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.२.९ शिक्षक दरबन्दी मिलान आबश्यकताका आधारमा गरिनेछ साथै शिक्षकको क्षमता विकास, पेसागत सहयोग कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०.२.१०. विद्यालयको कार्यसम्पादनमा आधारभूत तहको मूल्याङ्कनमा आधारभूत तहको शैक्षिक उपलब्धि नतिजाका आधारमा गरिनेछ ।

१०.२.११. बिद्यालयको तह थप गर्ने, घटाउने, बिद्यालय समायोजन गर्ने जस्ता नीति अबलम्बन गरिनेछ ।

१०.२.१२. स्थानीय तहबाट आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यवस्था मिलाइने छ ।

१०.२.१३. आर्थिक रूपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सीमान्तकृत, विपन्न द्वन्द्वपीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका छोराछोरीलाई  छात्रवृत्ति दिने व्यवस्था मिलाइनेछ ।

१०.२.१४. आधारभूत तहमा अनिवार्य नेपाली भाषाका साथै सम्बन्धित विद्यार्थीको मातृभाषालाई पढाइको माध्यम बनाइनेछ । साथै गणित र विज्ञान विषयलाई अङ्ग्रेजी भाषामा पनि अध्यापन गर्न सकिने व्यवस्था गरिनेछ ।

१०.२.१४. स्थानीय परिवेश, कला, संस्कृति, सीप, प्रविधको जर्गेना गर्न र पुस्तान्तण गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१०.२.१. बिद्यालयमा पूर्वाधार विकास, प्रोत्साहन तथा परिचालन र प्रभावकारी अनुगमनको व्यबस्था मिलाइनेछ ।

*(ग) माध्यमिक शिक्षा नीति*

१०.३.१. निःशुल्क रुपमा माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्न खुला विद्यालयमा समेत भर्ना गराई विद्यालयमा नियमित उपस्थित गराउने प्रबन्ध मिलाइने छ ।

१०.३.२. माध्यमिक तहमा खुद भर्नादर र टिकाउ दर बढाउन प्रयासहरु थालिने छ यसका लागि बिद्यार्थीहरुलाई पढाइ प्रति अभिरुचि बढाउन बिद्यालयमा बुक फि डे, पढ्दै कमाउँदै, छात्रवृति र पुरस्कार जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१०.३.२. माध्यमिक विद्यालयहरुको क्षमता विकासका लागि संघ तथा प्रदेश र सरोकारवाला निकायहरु संगको सहकार्य र समन्वय गरिनेछ ।

१०.३.३ कक्षा ११ र १२ मा शिक्षण सिकाइलाई बढी प्रयोगात्मक बनाउन जोड दिइनेछ र माध्यमिक तहका बिद्यालय बिच आपसी सहयोग र सहजीकरणको प्रबन्ध मिलाइनेछ ।

१०.३.४. आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।

१०.३.५. सम्पूर्ण विद्यालयमा न्यूनतम पूर्वाधार र सेवा सुविधाको पहुँच पुर्‍याइनेछ । भौतिक पूर्वाधार, सूचना प्रविधि, पुस्तकालय, बिज्ञान प्रयोगशाला, शैक्षिक र सन्दर्भ सामग्रीहरुको प्रवन्ध मिलाउने कार्य गरिनेछ ।

१०.३.६. बिद्यालयको शैक्षिक कार्ययोजनालाई शिक्षा योजनासंग सहकार्य गरि प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०.३.७. माध्यमिक शिक्षा अन्तर्गत कक्षा नौ र दशमा  स्वेच्छिक रुपमा व्यावसायिक शिक्षा लिन पाउने व्यवस्था गर्नुका साथै माध्यमिक शिक्षा अन्तर्गत दश कक्षा पूरा गरिसकेपछि प्राविधिक तथा व्यावसायिक सीप विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.३.८. माध्यमिक तहका शिक्षकको क्षमता विकास र समयानुकूल प्रविधिमैत्री हुन सहजीकरण गरिनेछ । माध्यमिक तहका उत्कृष्ठ शिक्षकहरुलाई प्रोत्साहन सहित आधारभूत तह तथा माध्यमिक तहको पेशागत सहयोगमा परिचालन गरिनेछ ।

१०.३.९. शिक्षक बिद्यार्थी अनुपात मिलाउन तथा दरबन्दी मिलान कार्य प्रभावकारी रुपमा गरिनेछ ।

*(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति*

१०.४.१. सबै माध्यमिक बिद्यालयहरुमा प्राविधिक धारका पढाइ सञ्चालन र व्यबस्थापनका लागि यसको आबश्यकता, महत्व र दीर्घकालिन सोचका बारेमा जन प्रतिनिधिहरुलाई अभिमुखीकरण गर्ने र प्राविधिक धार सञ्चालनका लागि उपलब्ध जनशक्ति, स्रोत साधनको पहिचान र व्याबस्थापन गरिनेछ । ।

१०.४.२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१०.४.३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा आधारित व्यापार तथा उद्योग क्षेत्रमा सहभागिता बढाउन प्रोत्साहन दिइनेछ ।

१०.४.४. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाइनेछ  ।

१०.४.५. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी र जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिनेछ।

१०.४.६. स्थानीय तहमा सञ्चालित सामुदायिक बिद्यायहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम सञ्चालनमा आवश्यक उत्प्रेरण तथा सहयोग उपलब्ध गराइनेछ।

१०.४.७. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससँग सम्बन्धित हुने सबै विषय, क्षेत्र र कार्यक्रमहरू समेटिने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी कानुनी व्यवस्था गरिनेछ।

१०.४.८. प्राविधिक शिक्षा हासिल गर्ने बिद्यार्थीलाई स्थानीय स्तरमा स्वयमसेवकको रुपमा परिचालन र प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ। यसका लागि नीजी क्षेत्रसंग पनि सहकार्य गरिनेछ।

***(ङ) समावेशी र विशेष शिक्षा नीति***

१०.५.१. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि अनुकूलन पाठ्यक्रम तथा पाठ्यसामग्रीमा प्रयोग गरिनेछ।

१०.५.२ अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि श्रोत केन्द्रमा अध्ययन गर्ने व्यबस्था मिलाइनेछ।

१०.५.३. अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरिनेछ।

१०.५.४. अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सीप सिक्ने अवसर प्रदान गरिनेछ।

१०.५.५. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, सांकेतिक चित्र आदि) को समुचित प्रबन्ध गरिनेछ।

१०.५.६. सबै प्रकारका अपाङ्गता भएका बालबालिकहरू (शारीरिक अपाङ्गता, सुनाइ अपाङ्गता, दृष्टि अपाङ्गता, स्वर र बोलाइ अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय

रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिजम अपाङ्गता र बहु अपाङ्गता) को पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमता अनुसारको अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गरिनेछ

१०.५.७. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीमा विविधीकरण गरिनेछ ।

१०.५.८. सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गरिनेछ ।

१०.५.९. दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछि परेका समुदाय तथा क्षेत्रलाई बिद्यालयको पहुँचमा अभिबृद्धि गर्न सहायता प्रादन गरिनेछ ।

१०.५.१०. विद्यालयको नेतृत्वमा महिलाको प्रतिनिधित्व अभिबृद्धि गर्न क्षमता विकासमा जोड दिई प्रधानाध्यापक नियुक्तिमा महिलालाई प्राथमिकता दिइने व्यवस्था अवलम्बन गरिनेछ ।

१०.५.११. बार्षिक कार्यसम्पादन मूल्याङ्कन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय, स्थानीय तह  सरकारले प्रशंशा, पुरस्कार तथा सम्मान दिने व्यवस्था गरिनेछ ।

१०.५.१२. विद्यालयमा प्रशासन, लेखा, स्वास्थ्य र सहयोगी सेवाका लागि आवश्यक कर्मचारी व्यवस्था लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । कर्मचारीहरूलाई प्रचलित कानुनमा व्यवस्था भए बमोजिमको पारिश्रमिक र अन्य सुविधा उपलब्ध गराइनेछ ।

***(च) सार्वजनिक - निजी साझेदारी र सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण***

१०.६.१. स्थानीय तहमा शिक्षासंग सम्बन्धित सरोकारवालाहरुसंगको सहकार्य, साझेदारी र सहभागिता अभिबृद्धि गरिनेछ ।

१०.६.२. शिक्षासंग कार्य गर्ने निजी क्षेत्र, संस्था तथा समुदायलाई प्रोत्साहन तथा सहभागिता अभिबृद्धिका लागि सहजीकरण गर्ने नीति अबलम्बन गरिनेछ ।

*(छ) शिक्षामा गुणस्तर*

१०.७.१. विद्यालय तहमा शिक्षकको निरन्तर पेशागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुका साथै शिक्षकको निरन्तर पेशागत विकास कार्यलाई विद्यार्थी सिकाइ उपलब्धीसँग आबद्ध गरिनेछ ।

१०.७.२. आधारभूत तहका शिक्षकले बिषयगत शिक्षण, बहु कक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हासिल गरी पठनपाठनमा सोको प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.७.३. शिक्षक तालिमको लागि शिक्षकको क्षमता विकास तालिम सञ्चालन गरी सक्षमता अभिबृद्धि गरिनेछ । शिक्षकलाई प्रत्येक दुई वर्षमा सघन पुनर्ताजगी तालिमको अनिवार्य व्यवस्था गरिनेछ ।

१०.७.४. शिक्षकहरुको सिकाइ अभिबृद्धिका लागि सिकाइ समूह गठन र परिचालन गरिनेछ । सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि सूचना प्रविधि तालिम र सहमायता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०.७.५. शिक्षकककको क्षमता विकासका लागि कार्य सम्पादन मुल्याङ्कन र कार्य सम्पादन सम्झौतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यबस्था मिलाइनेछ ।

१०.७.६. शिक्षक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू मार्फत विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला र गणित (Science, Technology, Engineering, Arts and Mathematics- STEAM) सँग सम्बन्धित विषयवस्तुहरू शिक्षण गर्न शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरिनेछ ।

१०.७.७. सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीब्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने -Face To Face), विद्यालयमा आधारित-School-based), मिश्रित (Blended), अनलाईन (Online) तथा भर्चुअल (Virtual) पद्धतिबाट तालिम सञ्चानल गरिनेछ ।

*(ज) शिक्षामा लगानी*

१०.८.१. शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न पालिकाले समग्र शिक्षा बजेट र कार्यक्रमको पुनःसंरचना गर्ने तथा विभिन्न तह वा निकायबाट हुने कामको दोहोरोपना कम गर्न सार्वजनिक जवाफदेही पद्धति अवलम्बन गर्दै आवश्यकता तथा अनुसन्धानमा आधारित भएर लगानी गर्ने परिपाटीको विकास गर्ने ।

१०.८.२. विद्यालय विकासका लागि अभिभावक, व्यक्ति वा संस्थाले समेत स्वेच्छिक योगदान गर्न सक्ने गरी विद्यालय कोष स्थापना गर्न सकिनेछ । सबै प्रकारका विद्यालय तथा शिक्षालयहरूको आर्थिक कारोवारलाई पारदर्शी र व्यवस्थित बनाइनेछ ।

१०.८.३. विभिन्न सरकारी तथा गैर सरकारी र निजी क्षेत्रसंगको सहकार्य र सहभागिता अभिबृद्धि गरी शिक्षामा लगानी अभिबृद्धि गरिनेछ ।

*(झ) शिक्षामा सूचना प्रविधिः*

१०.९.१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।

१०.९.२. सूचना प्रविधिमा सबै शिक्षकहरूको क्षमता विकास गरिनेछ र विभिन्न कक्षा र विषयका लागि तयार पारिएका शिक्षण सिकाइ क्रियाकलापहरुमा डिजिटल सामग्रीको प्रयोग बढाइने नीति अबलम्बन गरिनेछ ।

१०.९.३. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।

१०.९.४. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ ।

१०.९.५. शिक्षक तथा प्र.अ. लाई सूचना प्रविधिको प्रयोगमा जिम्मेवार बनाउने र एकीकृत शैक्षिक सूचना व्यबस्थापन प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०.९.६. सबै विद्यालयमा न्यूनतम सूचना प्रविधिको पहुँच अभिबृद्धि गरिनेछ ।

*(ञ) आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा*

१०.१०.१. विपतको समयमा शिक्षण सिकाइका गतिविधिहरुलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरी कार्यान्वयन गरिनेछ ।

१०.१०.२. सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सीप विकास गरिनेछ ।

१०.१०.३. महामारीका समयमा शिक्षण सिकाइलाइ निरन्तरता दिने बैकल्पिक उपायहरूको खोजी र प्रयोग गरिनेछ ।

१०.१०.४. सम्पूर्ण विद्यालयहरुको विपत् जोखिमको अबस्था मूल्याङ्कन गर्ने र प्राथमिकीकरण गरिनेछ ।

१०.१०.५. बिद्यालयले बिद्यालय सुधार योजनामा विपत् विषयमा तयार पारेको योजनाको प्रभावकारी रुपमा सहकार्य र समन्वय गरेर कार्यान्वयन गरिनेछ ।

१०.१०.६.विपतको प्रतिकार्यका लागि आबश्यक सीप, ज्ञान र स्रोत तयारी गरिने ।

१०.१०.७. सबै  शिक्षक र विद्यार्थीमा विपत्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गरिनेछ । सामुदायिक सिकाइ केन्द्रलाई विपत् सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ ।

१०.१०.८ विपत्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि नगरपालिकामा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने र सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपत् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

*(ट) बिद्यालयमा खानेपानी सरसफाइ तथा स्वच्छता*

१०.११.१. हरेक विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छताका लागि फोकल पर्सनको व्यबस्था र नियमित अनुगमन तथा पृष्ठपोषणको व्यबस्था मिलाइनेछ । साथै आधारभूत स्वास्थ्य किट, प्राथामिक उपचारको व्यबस्था, फोहोर व्यावस्थापनका लागि न्यूनतम डस्टविन, डम्पिङ्ग साइटको व्यावस्थापन गरिनेछ ।

१०.११.२ हाम्रो विद्यालय सफा र सुन्दर विद्यालय अवधारण बमोजिम कार्य गराइनेछ, यसका लागि विद्यालय हरियाली प्रवर्द्धन कार्यक्रम गरिनेछ । "एक विद्यार्थी एक विरुवा" र "एक विद्यालय एक बगैचा" कार्यक्रम सञ्चालन गरी हरित विद्यालय निर्माण कार्यलाई तीब्रता दिइनेछ ।

१०.११.३. पालिका तहको नियमित अनुगमन तथा मूल्याङ्कन चेकलिष्टमा खानेपानी, सरसफाइ तथा स्वच्छताका विषयहरु उल्लेख गरी कार्यान्वयन गरिनेछ ।

१०.११.४. विद्यार्थीको प्राक्टिकल विषयहरुलाई व्यबहारिक रुपमा उतार्ने कार्य गरिनेछ जस्तै वातावरण, खानेपानी, सरसफाइ जस्ता बिषयलाई प्रयोगात्मक गरिनेछ ।

१०.११.५. बिद्यालय नर्सको परिचालन र व्याबस्थापन गरिनेछ ।

*(ठ) समुदाय परिचालन*

१०.१२.१. समुदाय स्तरमा पठनसीप वृद्धि तथा शैक्षिक गतिबिधिका बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।

१०.१२.२. समुदाय स्तरमा बालबालिकाको पढाइ वातावरण सिर्जना गर्नका लागि घरमा पढाइ कुना स्थापना अभियान संचालन गर्ने व्यबस्था मिलाइनेछ ।

१०.१२.३. बालबालिकाको शिक्षामा योगदान गर्ने अभिभावकलाई उत्कृट अभिभावक तथा दौतरी समूहका व्यक्तिलाई बिद्यालय तथा गाउँपालिकाद्धारा सम्मान गरिनेछ र समुदाय वीच सहकार्यका लागि शिक्षक अभिभावकसंगको संयोजकत्वमा समिति निर्माण गरी बालबालिकाको शैक्षिक उपलब्धिका बारेमा अन्तरक्रिया संचालन गरिने ।

१०.१२.४. शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बिद्यार्थी वीच बालबालिकाको समग्र सिकाइ उपलब्धिको बारेमा कार्यक्रम आयोजना गरीनेछ ।

१०.१२.५. माध्यमिक तहका बालबालिकालाई दौतरीको क्षमता अभिवृद्धि गर्न  दौतरी समूह परिचालन गरिनेछ ।

१०.१२.६. कम्तीमा त्रैमासिक रुपमा बि.व्य.स., शि.अ.सं.द्धारा बालबालिकाको शैक्षिक  अवस्था बुझ्न घरदैलो अभियान संचालन गरिनेछ ।

१०.१२.७. समुदाय स्तरमा बालबालिकालाई पढ्नका लागि समुदाय पुस्तकालयको अवधारणा ल्याई कार्यान्वयन गरिनेछ ।

१०.१२.८. समुदायमा पठनसीप तथा शैक्षिक जागरणका लागि पढाइ मेला, शैक्षिक महोत्सव, शैक्षिक प्रतिस्पर्धा जस्ता क्रियाकलाप संचालन गरिनेछ ।

***(ड) बिद्यालय खेलकुद***

१०.१३.१ बिद्यालय तहमा बालक्लब तथा पालिका तहमा विभिन्न क्षेत्रमा खेलकुद समिति गठन र परिचालन गरिने ।

१०.१३.२ बिदालय तहमा खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण तथा व्यबस्थापन गरिने ।

१०.१३.३. खेलकुल सम्बन्धी संघ प्रदेश र सरोकारवाला निकायहरुसंगको समन्वय र सहकार्य गर्ने र संघ र प्रदेशबाट जारी खेलकुद सम्बन्धी कानुनको अधिनमा रही कार्यविधी निर्माण र कार्यान्वयन गरिनेछ ।

१०.१३.४. विद्यालय तथा युवा स्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गरिनेछ र पालिका मार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आबश्यक सामग्री तथा स्रोतको व्याबस्थापन गरिने ।

१०.१३.५. बिद्यालयमा खेलकुद प्रशिक्षकको व्याबस्थापन गरिनेछ र अतिरिक्त क्रियाकलापको रुपमा खेलकुदलाई प्राथमिकतामा राखेर कार्य गरिनेछ ।

***(ढ) सुशासन र व्यबस्थापन***

१०.१४.१. स्थानीय तहबाट सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायहरु प्रदेश र संघीय सरकारबीच तथा दाताहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

१०.१४.२. संस्थागत सुद्धृढीकरणका लागि पालिकाको नीति, नियम तथा रणनीतिहरु समयानुकूल अभिमुखिकरण, परिमार्जन तथा कार्यान्वयन गरिनेछ ।

१०.१४.३. पालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख सञ्चालन गर्न विद्यालय व्यबस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अन्य संस्थाहरुलाई क्रियाशील बनाइनेछ ।

१०.१४.४ विद्यालयका प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

*(ण) उच्च शिक्षा*

१०.१५.१. हाल सञ्चालनमा रहेको उच्च शिक्षा अध्यापन गराउने संस्थासंगको समन्वय र सहकार्य अभिबृद्धि गरिनेछ ।

१०.१५.२. उच्च शिक्षाका लागि सहयोग गर्ने सम्बन्धित निकायसंगको समन्वय तथा सहकार्य बढाउने कार्य गरिनेछ ।

१०.१५.३. उच्च शिक्षामा अध्ययन सम्पन्न गरेका बिद्यार्थीहरुलाई माध्यमिक तहमा सहजकर्ताको रुपमा सहकार्य गर्ने व्यबस्था मिलाइनेछ ।

१०.१५.४. सामुदायिक विद्यालयको कक्षा ११-१२ मा अध्ययनको लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधारको व्यवस्था गरी उच्च शिक्षाको महत्व अभिबृद्धि गर्न मद्धत पुर्याईनेछ ।

१०.१५.५. उच्च शिक्षा अध्ययनका लागि बिद्यार्थीलाई प्रोत्साहन तथा सहयोग प्रदान गरिनेछ र संस्थागत क्षमता विकासमा सहयोग गरिनेछ ।

***११. नीति कार्यान्वयनको जिम्मेवारी***

यो शिक्षा नीति कार्यान्वयनका लागि पालिकाले निम्नानुसारको जिम्मेबारी वहन गर्नुपर्नेछ ।

- प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
- आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
- अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

- निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
- अभिभावक शिक्षा सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,
- नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण, विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण
- विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
- राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
- विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
- सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
- स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,
- सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,

- विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
- शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
- अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

***१२. संस्थागत व्यवस्था***

शिक्षा नीति, २०८० कार्यान्वयनका लागि आवश्यकता अनुसार संस्थागत संयन्त्र र संगठन संरचनाको व्यवस्था गरिनेछ । पालिका तहमा आवश्यक संयन्त्रहरू स्थापित गरी कानुनी व्यवस्थाभित्र रही संरचनाहरू सञ्चालित हुनेछन् ।

***१३. आर्थिक पक्ष***

यो शिक्षा नीतिको कार्यान्वयनका लागि पालिकाले आबश्यक स्रोत व्यवस्था गर्न पालिकाको आन्तरिक श्रोत, संघीय तथा प्रदेशको अनुदान, विभिन्न दातृ निकायको सहयोगका लागि पहल गर्नेछ । व्यक्ति, समुदाय र अभिभावकहरूलाई स्वेच्छिक रूपमा शिक्षाको विकासका लागि स्रोत व्यवस्थापन र वित्तीय योगदान गर्न प्रोत्साहित गरिनेछ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गरिनेछ र बजेटमा शिक्षालाई प्राथमिकतामा राखेर कार्य गरिनेछ ।

***१४. कानुनी व्यबस्था***

यो शिक्षा नीति कार्यान्वयनका लागि आबश्यक पर्ने ऐन, नियम, कार्यविधी, निर्देशिकाहरुको तर्जुमा, अधवधिधि गरी कार्यान्वयन गरिनेछ ।

***१५. अनुगमन तथा मूल्याङ्कन***

शिक्षा नीति, २०८० को कार्यान्वयनको समग्र स्थितिको आवधिक  तथा बार्षिक अनुगमन तथा मूल्याङ्कन कार्य पालिकाले अनुगमन सयन्त्र निर्माण गरी आन्तरिक तथा बाह्य दुबै तवरबाट गर्न सक्नेछ ।

### *१६. जोखिम तथा जोखिम न्यूनीकरण*


शिक्षा नीति कार्यान्वयनको क्रममा देखिने जोखिमको समयमै आँकलन गरी निरूपणका उपायहरू अवलम्बन गरिनेछ । नगरपालिकाको शिक्षा नीति, २०८० कार्यान्वयनका सम्भावित जोखिमहरू र तिनीहरूको न्यूनीकरणका उपायहरू देहायबमोजिम हुनसक्ने आँकलन गरिएको छ ।

*अ) जोखिमहरू*

- नेपालमा सङ्घीय प्रणालीको अभ्यास प्रारम्भिक चरणमा रहेकोले शिक्षा नीति लागू गर्ने स्थानीय तहमा सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गर्नु जोखिमपूर्ण रहने देखिन्छ ।
- स्वशासित निकायका कर्मचारीहरु, विद्यालयका शिक्षक तथा कर्मचारीहरु, र गैर शैक्षिक क्षेत्र तथा शैक्षिक सरोकारवालाहरुको पूर्ण सहयोग प्राप्त गर्न कठिनाइ हुन सक्नेछ ।
- विशेषतः नगरपालिकाका अन्य प्रमुख आबश्यकताका कारण शिक्षा क्षेत्रमा प्राथमिक्ता कम हुन सक्दछ । प्रयाप्त श्रोत अभाव र परिचालनको अभाव हुन सक्दछ ।
- बिद्यालय तह, वडा तह तथा अन्य सरोकारवालासंग प्रयाप्त सहकार्य र समन्वयको कमी हुन सक्दछ ।
- नगरपालिकाको शिक्षाको समग्र विकासका लागि निश्चित प्रतिशत लगानीको स्रोत सुनिश्चितताको प्रतिवद्धता कार्यान्वयन नहुने जोखिम हुन सक्छ ।
- बिद्यालय तहमा रहेका प्रधानाध्यापक तथा शिक्षक र कर्मचारीको पूर्ण सहयोग र सकार्य प्राप्त नहुने जोखिम रहन सक्दछ ।

*आ) जोखिम न्यूनीकरणका उपाय*

- यो शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनको लागि नगर शिक्षा समिति तथा शिक्षा शाखा मार्फत सम्बन्धित सरोकारवालाहरूसँग पर्याप्त छलफल तथा अन्तरक्रिया गरिनेछ ।
- पालिकामा शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका लागि श्रोत सुनिश्चिततामा ध्यान पुर्याईने छ । यसका लागि स्थानीय सरकार, संघ तथा प्रदेश र गैर सरकारी संस्थाहरु संगको साझेदारी प्रभावकारी बनाईने छ ।
- शिक्षामा व्यक्ति, अभिभावक र समुदायको स्वेच्छिक लगानीलाई प्रोत्साहन गर्ने रणनीति अवलम्बन गरिनेछ ।
- स्थानीय तहमा भएको जनशक्ति र श्रोतको उच्चतमा प्रयोग र परिचालन गर्ने तथा क्षमतावान बनाउने नीति अबलम्बन गरिनेछ ।




**ठुलीभेरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा, तथा खेलकुद शाखा**
**जुफाल डोल्पा**